अब किसानका घरमै पुगेर तरकारी र फलफूल खरिद गरिने

खगेन्द्र अधिकारी
ताप्लेजुङ, बैशाख २०

तेह्रथुमको लालीगुराँस नगरपालिकाले पालिकाभरिका किसानले उत्पादन गरेको अर्गानिक तरकारी र फलफूल घर-घरमै गएर खरिद गर्न कृषि एम्बुलेन्स सञ्चालन गरेको छ।

नगर प्रमुख अर्जुन मावुहाङका अनुसार कृषि एम्बुलेन्सले पालिकाभरिका किसानले उत्पादन गरेको तरकारी र फलफूल प्रत्येक किसानका घर-घरमा हप्तामा एकपटक पुगेर संकलन गरी बजारमा पुऱ्याउने छ। हप्तामा एक कृषकको पाँच हजार मूल्य बराबरको तरकारी र फलफूल पालिकाको कृषि एम्बुलेन्सले खरिद गर्ने जानकारी नगर प्रमुख मावुहाङले दिए।

तत्काललाई नगरपालिकाले एउटा कृषि एम्बुलेन्स प्रयोगमा ल्याएको छ। यो कार्य सफल भए

नगरपालिकाले आगामी आर्थिक वर्षको सुरुमै अर्को कृषि एम्बुलेन्स समेत खरिद गर्ने योजना बनाएको जानकारी मावुहाङले दिए। पालिकाले तरकारी तथा फलफूल बिक्रीबापतको रकम प्रत्येक घरका गृहिणीलाई भुक्तानी गर्ने भएको छ।

नगरपालिका क्षेत्रका किसानका घर-घरमा हिउँद र वर्षा दुवै याममा सवारी पुग्ने अवस्था रहेकाले घर-घरमै पुगेर किसानको उत्पादन खरिद गर्न समस्या नभएको नगर प्रमुख मावुहाङले जानकारी दिए। आफूले उत्पादन गरेको कृषिउपजको सडक पहुँच नभएको समस्या भएको भए आफूहरूलाई जानकारी दिन समेत नगर प्रमुख मावुहाङले किसानलाई आग्रह गरेका छन्।

कृषि एम्बुलेन्स तालिका मिलाएर हप्तामा एकपटक तरकारी र फलफूल उत्पादन गर्ने प्रत्येक कृषकका घरमा पुग्ने गरी प्रबन्ध गरिएको समेत उनले बताए। किसानसँग बिक्री योग्य सामग्री भने पर्याप्त मात्रामा हुनुपर्ने उनले बताए। विकासे मल लगाएको, कीटनाशक औषधि प्रयोग भएको तरकारी र फलफूल भने कृषि एम्बुलेन्सले खरिद नगर्ने भएको छ।

नगरपालिकाले यसअघि नै युरिया, डिएपी र कीटनाशक औषधिमा प्रतिबन्ध लगाइसकेकाले आफूहरूले विकासे मल र कीटनाशक औषधि प्रयोग भएका कृषिजन्य उत्पादन खरिद नगर्ने जानकारी नगर प्रमुख मावुहाङले दिए। नगरपालिकाले घरेलु तथा जैविक मल र विषादी प्रयोगमा जोडसमेत दिएको छ।

एनआरएनएको एकता महाधिवेशन सुरु

काठमाडौं, वैशाख २० (नागरिक)- गैरआवासीय नेपाली (एनआरएनए) को एकता महाधिवेशन काठमाडौंमा सुरु भएको छ।

परराष्ट्र मन्त्री आरजु देउबा राणाको प्रमुख आतिथ्यमा महाधिवेशन सुरु भएको हो। काठमाडौंमा सुरु भएको महाधिवेशनले एनआरएनलाई नयाँ रूपमा लैजाने अपेक्षाबीच सुरु भएको हो। सर्वोच्च अदालतको फैसला अनुसार पूर्व अध्यक्ष शेष घलेको नेतृत्वमा बनेको उच्चस्तरीय समितिको पहलमा शनिबारदेखि काठमाडौंमा एकता महाधिवेशन सुरु भएको हो।

एकता महाधिवेशन उद्घाटन गर्दै परराष्ट्र मन्त्री आरजु राणा देउबाले एनआरएनए परिचय पत्र मस्यौदा अन्तिम चरणमा पुगेको जानकारी दिँदै एक भएर अघि बढ्न सुझाव दिइन्। उनले सर्वोच्चमा अदालतको फैसला लगत्तै आफूले शेष घलेसँग छलफल गरेर महाधिवेशनको बारेमा कुरा गरेको र शनिबार यो उद्घाटन गर्न पाउँदा खुसी लागेको बताइन्। एनआरएनएको समन्वय गर्ने मन्त्रालयको रूपमा आफू एकता महाधिवेशनमा उपस्थित भएको भन्दै मन्त्री राणाले आगामी दिनमा सबै गैरआवासीय नेपालीहरू एक भएर अघि बढ्न पनि सुझाव

दिइन्। उनले अब एनआरएनएमा विवाद भन्दा साझा संस्थाको रूपमा अघि बढ्ने आफूले विश्वास लिएको बताइन्।

कार्यक्रममा पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले एनआरएनए जस्ता संस्थाहरूमा विवादभन्दा एक भएर जान र उनीहरूसँग भएको पुँजी तथा सिपलाई नेपालमा प्रयोग गर्न आग्रह गरे। उनले एनआरएनएहरूलाई नेपालमा लगानी गर्न कानुन झन्झट भएको गुनासो आएको तर यसमा सरकारले पहल गर्ने र आफूले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भारत र चीनमा जसरी एनआरएनएले लगानी गरेर देश विकास गर्न सुरु गरे त्यसैगरी नेपालले पनि यसबाट सिक्नुपर्ने बताए।

त्यस्तै पूर्व उपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टीका नेता अशोक राईले एनआरएनएलाई नयाँ आकार दिने उपयुक्त समय नै एकता महाधिवेशन भएको भन्दै सबैलाई मिलाएर लैजान शुभकामना दिए। उनले विदेशमा रहेका नेपालीहरूको सिप नेपालमा उपयोग गर्न सक्नुपर्ने बताए।

कार्यक्रमका सभापति शेष घलेले एकता महाधिवेशनमा आएका आरोहअवरोहलाई सम्बोधन गर्दै अब एनआरएनए युवा पुस्ताका लागि हुनुपर्ने बताए। उनले आफूहरूको समय र अहिलेको समय फरक भएकाले अब युवाहरू नेतृत्वमा आकर्षित गराउन सक्नुपर्ने नत्र संस्थाको औचित्य नै समाप्त हुने भएकाले सबैले ध्यान दिने सुझाव दिए। घलेले सर्वोच्चको फैसला आफूले कार्यान्वयन गरेको तर यसरी कार्यान्वयनमा लाग्दा तीन थान मुद्दा समेत खेप्नुपरेको बताए। उनले निर्वाचन विवादरहित बनाउन सदस्यतादेखि अन्य सबै गतिविधि पारदर्शी र लोकतान्त्रिक प्रक्रिया अवलम्बन गरिएको जानकारी पनि गराए।

तीन दिनसम्म चल्ने अधिवेशनमा आइतबार निर्वाचनमार्फत नयाँ प्रतिनिधि छानिनेछ। सोमबार कार्यक्रम समापन हुने छ।

करिडोरले फेरिँदै हर्मिचौरवासीको जीवन

हुमाकान्त पोखरेल
तम्घास (गुल्मी), बैशाख २०

'पहिले रिढी पुग्न हिँडेर सात घण्टा लाग्थ्यो, अहिले गाडीमा आधा घण्टामै पुगिन्छ', कालीगण्डकी गाउँपालिका १ हर्मिचौरका रामप्रसाद पाण्डेले भने, 'करिडोरले हाम्रो दैनिकी बदलिदिएको छ।' कालीगण्डकी करिडोर नबन्दै हर्मिचौरलगायतका भेगका नागरिक सदरमुकाम तम्घास जान पाल्पाको सडक प्रयोग गर्नुपर्नेमा अहिले भने सिधा रिढीको बाटो प्रयोग गर्न सकिने पाण्डेले बताए।

हर्मिचौरमा सिलाइ-कटाइ पसल सञ्चालन गरिरहनुभएका वीरबहादुर दर्जीलाई पनि सामान ल्याउन करिडोर निर्माणपछि सहज भएको छ। पहिले बागलुङबाट सामान ल्याउनुपर्दा समस्या रहेकामा अहिले करिडोर निर्माणपछि बुटवल आवतजावत गर्न सहज भएको उहाँले सुनाउनुभयो। 'सामान ल्याउन र बिक्री गर्न बाटोका कारण केही समस्या थियो, करिडोर निर्माण भएपछि सहज कम मूल्यमै सामान ल्याउन सकिएको छ', उनले भने। उनले आफू र आफूजस्तै व्यवसायीलाई करिडोर निर्माणले सहज बनाएको बताए।

भारतको कोरलानाका हुँदै चीनको मानसरोवर जोड्ने करिडोरको गुल्मीमा ३९ किलोमिटर भाग पर्दछ। गुल्मीका रुरुक्षेत्र, सत्यवती र कालीगण्डकी गाउँपालिकाका नागरिक करिडोरबाट लाभान्वित छन्।

करिडोर निर्माणपछि सदरमुकाम तम्घाससम्मको आवतजावत, विद्यालय तथा

स्वास्थ्य संस्थासम्मको पहुँच सहज भएको छ। त्यसैगरी बुटवल, पोखरा र काठमाडौंसम्मको दूरी पनि छोट्टिएको छ। करिडोर नहुँदा यहाँबाट काठमाडौं जान बाग्लुङ वा रिढी गएपछि मात्र बस चढ्नु पर्दथ्यो भने अहिले घरबाटै रात्रिकालीन सेवाको बस चढ्न पाइने भएको सत्यवतीकी मीना क्षेत्रीले बताउनुभयो।

रिढीबाट पूर्तिघाटसम्मको व्यापार गुल्मी सदरमुकाम भन्दा बुटवल र बागलुङसँग बढी नजिक छ। त्यसमा सडकले थप सहजता मिलेको छ। करिडोर (गुल्मी खण्ड) निर्माण सम्पन्न भएपछि सडक क्षेत्रमा सयौंको संख्यामा व्यापारिक फर्महरू खुलेका छन्। होटल तथा रेष्टुराँ कृषि फार्म, कपडा पसल, गल्ला तथा किराना पसल, कस्मेटिकलगायत खुल्न थालेको कालीगण्डकी गाउँपालिका पूर्तिघाटका लिलबहादुर केसीले बताए। 'करिडोर निर्माणले पर्यटक प्रवर्द्धनमा समेत सहयोग मिलेको छ', उनले भने।

व्यावसायिक फर्महरू स्थापना हुँदा एकातर्फ गाउँमै रोजगारी सिर्जना भएको छ भने अर्कातर्फ स्थानीय उत्पादनको बजारीकरण भएको छ। फार्महरू पालिकामा दर्ता हुँदा स्थानीय सरकारको राजस्वमा समेत वृद्धि भएको त्यस क्षेत्रका पूर्वसांसद एवं लुम्बिनी प्रदेशका पूर्वमन्त्री सुदर्शन बरालले बताए। 'करिडोरले यातायात मात्र होइन, यस क्षेत्रको भविष्य नै बलियो बनाएको छ, करिडोर निर्माण नभएको भए यो विकट रहन्थ्यो', उनले भने।

नवलपरासीको गैंडाकोटबाट चीनको उत्तरी भाग कोरलासम्म फैलिएको कालीगण्डकी करिडोर दुई सय ५४ किलोमिटरको छ। जसमा नवलपुलमा ७८, पाल्पा र बाग्लुङमा ३६ किलोमिटर सडकखण्ड पर्छ।

हालसम्म १९७.३ किलोमिटर सडक कालोपत्र भएको छ। करिडोरले नवलपुरका तीन, पाल्पाका पाँच, गुल्मीका तीन तथा बागलुङमा एक पालिका छोएको छ। करिडोरमा बनाउनुपर्ने ५९ पुलमध्ये ३५ वटा निर्माण सम्पन्न भएका छन्। सातवटा निर्माणाधीन छन् भने १७ पुलको ठेक्का हुन बाँकी रहेको जानकारी कालीगण्डकी करिडोर कार्यालयका इञ्जिनियर अरुण खत्रीले दिए। रासस

सबैभन्दा धेरै कर तिर्ने एनसेललाई सम्मान

काठमाडौं, वैशाख २० (नागरिक)- नेपाल सरकारले देशको सूचना तथा सञ्चार प्रविधि (आईसिटी) क्षेत्रको सबैभन्दा धेरै आयकर तिर्ने करदाताका रूपमा एनसेललाई सम्मान गरेको छ। काठमाडौंमा शुक्रबार आयोजित आठौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८२ को विशेष कार्यक्रममा एनसेललाई यो सम्मान प्रदान गरिएको हो।

देशमा आईसिटीको विकास र प्रवर्द्धनका लागि प्रत्येक वर्ष मे २ लाई 'राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस' का रूपमा मनाइँदै आएको छ। कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले एनसेलका मार्केटिङ, कम्युनिकेसन्स तथा सस्टेनेबिलिटी डाइरेक्टर पुनम सिंहलाई सम्मानपत्र प्रदान गरेका थिए।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास, विस्तार र समृद्ध नेपालको अभियानमा गत आर्थिक वर्ष २०८०/८१ मा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रबाट सबै भन्दा धेरै कर बुझाएर

राष्ट्रलाई पुऱ्याएको विशिष्ट योगदानको उच्च मूल्यांकन गर्दै राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८२ को सु-अवसरमा एनसेललाई यो सम्मान प्रदान गरिएको हो। विगत लामो समयदेखि एनसेल सबैभन्दा बढी कर तिर्ने एक कम्पनीको रूपमा स्थापित रहँदै आएको छ।

'राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८२ को यस विशेष अवसरमा आईसिटीको क्षेत्रमा हाम्रो योगदानलाई कदर गर्दै सरकारबाट यो सम्मान प्राप्त गर्न पाउँदा हामी धेरै खुसी छौं। धेरै कर तिर्ने करदातामध्ये एकको रूपमा एनसेलले प्रत्येक वर्ष विभिन्न कर तथा शुल्क शीर्षकअन्तर्गत सरकारलाई करमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ। देशको आईसिटी विकास र आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान दिन पाउँदा हामी गर्व गर्छौं। हाम्रो थिम 'हामी तपाईंकै लागि'को मूल मर्मअनुसार हामी आईसिटीको विकासमा निरन्तर योगदान गर्दै डिजिटल नेपालको भिजन अनुसार डिजिटल भविष्यका लागि कार्य गर्न प्रतिबद्ध छौं', एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने।

यसअघि पनि एनसेलले विभिन्न समयमा सरकारबाट सर्वोत्कृष्ट करदाता, सर्वोत्कृष्ट आयकरदातालगायतका सम्मानहरू पाइसकेको छ। गत पुसमा पनि संस्थागततर्फ गत आर्थिक वर्ष २०८०/८१ मा सबै भन्दा बढी कर योगदान गरेकोमा एनसेल ललितपुर महानगरपालिकाबाट उत्कृष्ट करदाताका रूपमा सम्मानित भएको थियो।

एनसेलले स्थापनाकालदेखि गत आव २०८०/८१ सम्मा सरकारलाई विभिन्न कर तथा शुल्क शीर्षकमा तीन सय ४० अर्बभन्दा बढी कर तथा शुल्क तिरेको छ। गत आवमा मात्रै कम्पनीले २०.३० अर्ब कर तथा शुल्क सरकारलाई बुझाएको थियो। त्यसैगरी कम्पनी एनसेल फाउन्डेसनमार्फत प्रभावकारी व्यावसायिक सामाजिक जिम्मेवारी (सिएसआर)का कार्यक्रमहरू कार्यान्वयन गर्दै नेपाल र नेपालीहरूको विकासमा हातेमालो गर्दै योगदान पुऱ्याउन प्रतिबद्ध रहेको छ। कम्पनीले आफ्नो सिएसआर अन्तर्गत दुई अर्बभन्दा बढीको योगदान गरी सातै प्रदेशका समुदायस्तरसम्म पुगेर देशभरका एक करोड ३० लाखभन्दा बढी जनसंख्यालाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा लाभ पुऱ्याएको छ।

रास्कोटमा ३३ केभिए प्रसारण लाइनको सबस्टेसन बन्दै

मान्म (कालीकोट), वैशाख २० (रासस)- कालीकोटको रास्कोट नगरपालिका-६ नमुना बस्तीमा ३३ केभिए प्रसारण लाइनको सबस्टेसन बन्न लागेको हो। नेपाल विद्युत् प्राधिकरणको पाँच करोड रुपैयाँको लागतमा प्रसारण लाइनको सबस्टेसन बन्न लागेको हो।

केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तारसँगै सबस्टेसन निर्माण थालिएको छ। सबस्टेसन निर्माण सम्पन्न भएपछि रास्कोटसहित छिमेकी पालिका र

बाजुरा जिल्लासम्म गुणस्तरीय विद्युत् सेवा पुग्ने नेपाल विद्युत् प्राधिकरणका प्राविधिक रमेश शाहीले बताए। 'प्रसारण लाइन विस्तारपछि जिल्लामा विद्युत् अभाव हुने छैन, कालीकोटको रास्कोटमा मात्र नभएर बाजुराको पूर्वी क्षेत्रमा पनि विद्युत् पहुँच विस्तार हुनेछ।'

रास्कोटमा हाल ११ केभिए प्रसारण लाइन छ। उक्त प्रसार लाइनका कारण गुणस्तरीय विद्युत् आपूर्ति हुन नसकेपछि ३३ केभिए प्रसारण लाइनको सबस्टेसन निर्माण गर्न लागिएको हो। बसले विद्युत् आपूर्ति नियमित हुने अपेक्षा गरिएको नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताए।

गैर बैंकिङ्ग सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि सम्बन्धी
७ (सात) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना २१ गते आइतबार)

यस विकास बैंकको नाममा दर्ता श्रेष्ठा कायम रहेको तपशिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

क.स.	पूर्जा बमोजिमको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१	कास्की जिल्ला अर्घौं वडा नं. १	०९४१०४६३	२१८५	३४१.७५
	कास्की जिल्ला शिशुवा वडा नं. २	०९४११६७१	१२१८९	१०५.३१
			१२१९१	१२५.१९
	कास्की जिल्ला हेमजा वडा नं. ५	०९३०७१५	१८३२	२३०.४८
२	सुनसरी जिल्ला भादगाउँ सिनवारी वडा नं. ५	५ख	३८५१	३६४.०४
			३८५३	७१५.३८
३	मोरङ्ग जिल्ला कसेनी वडा नं. ३	३ग	११७१	७२८.०७
४	झापा जिल्ला तोपगाछी वडा नं. ५	५घ	१७८०	३७२.५०
५	पाल्पा जिल्ला रामपुर वडा नं. ५	५	२९०८	७०९.४५
			२९११	१,५१६.२८
६	मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. १	१ख	५५५	११८.५१
			५५४	२२४.३२
			१८००	४६.५५
			५५३	११८.५१
			१७९९	१२२.७४
			१८०१	१६९.३०
			५५६	२०३.१६
			३०६	१,०६६.६८
			५४९	१०५.८१
७	महोत्तरी जिल्ला २५ नं. बहादुरगंज वडा नं. ४	४च	३७९	३,०८१.६२
			३८२	८२९.६७
८	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७	१०२१०२७२२	४६४	१०९.२९
९	चितवन जिल्ला नारायणगढ वडा नं. ३	३क	५३२	१०१.५८
१०	सर्लाही जिल्ला जन्दि वडा नं. ६	६ख	५३६	२,०१४.९१
			४४७	२,९९६.९६
			४४८	१,८८७.८६
११	चितवन जिल्ला चैनपुर वडा नं. ४	४ख	७३०	३७२.४९
			२३२	१,८११.६६
१२	काठमाडौं जिल्ला खड्का भद्रकाली वडा नं. ६	१०२०९०७१३	७९	१५८.७०
१३	मोरङ्ग जिल्ला लेटाङ वडा नं. ७	७ख	६४७	३,५५५.७१
१४	सुनसरी जिल्ला खनार वडा नं. ५	५ख	८२८	३३८.६४
			१३२५	१६९.३०
१५	रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ३	१०४०२३७२५	३४१	३२१.००
			२७१	३१७.४५
			२७०	१००.००
			३४०	५४३.००
१६	रुपन्देही जिल्ला खुद्दावगर वडा नं. ७	७क	४९८	१,३५४.३३
			९५५	२२०.१२
१७	पाल्पा जिल्ला जुठापौवा वडा नं. ९	९	३२५	२,४३६.३९
			११०	६,७१८.९५
			२५६	५,०८७.४०
			१४१	४,४८९.२३
			४००	६,६६३.३०
१८	भक्तपुर जिल्ला द्रविकोट वडा नं. ४	४	१७४०	१७८.८३
			१७४१	१५८.९५
			१६९८	६७.५६
			१६९२	९.९४
			१७४४	८३.४६
			१६८९	४१.७३
			१७०१	१५.९०
			१७४२	११७.२४
			१७४९	१११.२७
			१७४८	१४३.०६
१९	कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ७	०९३०९५९१२	४७	१५५.४०
२०	चितवन जिल्ला गुन्जनगर वडा नं. ३	३क	९८८	३,९००.०३
२१	स्याङ्गजा जिल्ला वालीङ वडा नं. ३	३	१५३५	१९.८७
			१५२०	२९.८१
			१५०२	६९.५५
			३९११	११.९२
			३९१४	१.९९
			४५६५	१.९९

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन अर्थात मिति २०८२/०१/२७ गते शनिबार भित्र यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा आईपुग्ने गरि पेश गर्न सकिने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०१/२८ गते आइतबार दिउँसो ३:०० बजे यस बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३, लाजिम्पाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा आमन्त्रित सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम सम्बन्धी कार्य हुनेछ। बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
६) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्ने छ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा अख्तियारी निर्णय, दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
९) लिलाम बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरु निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस विकास बैंकमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पुर्ण रकम विकास बैंकमा बुझाई तोकिएको समय भित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ।
११) धरौटी वापत दाखिल गरेको रकम उपर ब्याज पाइने छैन।
१२) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, लाभ कर, ट्रै दस्तुर, कर तथा अन्य शुल्क ईत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
१३) बोलपत्र दाखिल भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन।
१४) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
१५) बोलपत्र सदर बदर हुनु अगावै पूर्व जग्गाधनीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी विना ब्याज धरौटी रकम फिर्ता दिईने छ।

"नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ